नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र

# विद्यालय शिक्षा सम्बन्धी गतिविधि - ३६ (पूर्णाङ्क २४०)

## अनुसन्धानका लागि आर्थिक तथा प्राविधिक प्रस्ताव पेस गर्नेबारेको सूचना

**(सूचना प्रकाशित मिति : २०७६।११।१६)**

यस केन्द्रको आ.व. २०७६/७७ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिलको विषयमा अनुसन्धानात्मक कार्य गर्नका लागि सार्वजनिक खरिद नियमावली २०६४ (संशोधनसहित) को नियम ७२ बमोजिम परामर्श सेवा खरिद गर्नु पर्ने भएकाले यस आर्थिक वर्षमा परामर्श सेवाका लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा सूचीकृत भएका इच्छुक संस्था/फर्महरूले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र शिक्षा तथा मानव स्रोत विकास केन्द्र, अनुसन्धान तथा गुणस्तर सुधार शाखामा तपसिल बमोजिमको शर्त बन्देज भित्र रही तोकिए बमोजिमको छुट्टाछुट्टै आर्थिक तथा प्राविधिक प्रस्ताव पेस गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

**अनुसन्धान गर्नुपर्ने विषय क्षेत्र**

**क. विद्यालय तहको शिक्षाको प्रभावकारी सेवा प्रवाहका सन्दर्भमा संवैधानिक प्रावधान अनुसार तीन तहका सरकारको भूमिका र आपसी समन्वय संयन्त्र बारे अध्ययन,**
**ख. परिवर्तित सन्दर्भमा विभिन्न तहमा शिक्षक विकास र शिक्षक सहायता संयन्त्रको परिचालन बारे अध्ययन,**
**ग. सामुदायिक विद्यालयको रूपान्तरण तथा गुणस्तर सुधारका सन्दर्भमा मापदण्ड विकास तथा स्थानीय अपनत्व र तदारूकतामा सुधार गर्ने रणनीतिहरूबारे अध्ययन।**

**सर्त बन्देजहरू**

१. प्रस्ताव साथ संस्था वा फर्म दर्ता प्रमाणपत्र र नवीकरण, स्थायी लेखा नम्बरको प्रमाणपत्र, मूल्य अभिवृद्धि करमा दर्ता भई आ.व.२०७५/७६ सम्मको कर चुक्ता गरेको प्रमाणपत्रका प्रमाणित प्रतिलिपिहरू पेस गर्नुपर्नेछ।
२. प्रस्ताव पेस गर्ने संस्था वा फर्मले आफ्नो बायोडाटा सहित प्रमाणित गर्ने आवश्यक कागजातहरू प्रस्ताव साथ पेस गर्नुपर्नेछ।
३. प्रस्ताव साथ प्रस्तावित कार्यका लागि आवश्यक जनशक्तिको विवरण र कार्य योजना पेस गर्नुपर्नेछ।
४. प्रस्ताव साथ सम्बन्धित संस्थाले विगतमा शिक्षा र अन्य क्षेत्रमा गरेको अनुसन्धानात्मक कार्यहरूको विवरण पेस गर्नुपर्नेछ।
५. प्रस्ताव पेस गर्ने संस्था वा फर्मले अनुसन्धान कार्यमा संलग्न हुने व्यक्तिहरूको Curriculum vitae (CV) साथै पेस गर्नुपर्नेछ।
६. आर्थिक प्रस्ताव पेस गर्दा प्रति अनुसन्धान कार्य मूल्य अभिवृद्धि कर सहित बढीमा रु. दश लाखसम्मको सीमाभित्र रही पेस गर्नुपर्ने छ।
७. आर्थिक प्रस्तावमा दररेट अंक र अक्षरमा स्पष्ट रूपमा लेख्नुपर्नेछ। अंक र अक्षरमा फरक भएमा अक्षरमा लेखिएको दररेटलाई मान्यता दिइनेछ।
८. निर्धारित समयभित्र परेका रीतपूर्वकका प्रस्तावहरू प्रस्ताव पेस गर्ने अन्तिम मितिको भोलिपल्ट वा सो दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको दिनको ठीक १:०० बजे परामर्शदाता वा निजको प्रतिनिधिहरू र केन्द्रका कर्मचारीहरूको रोहवरमा खोलिनेछन। परामर्शदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा प्रस्ताव खोल्न बाधा पर्ने छैन।
९. रीत नपुगेको तथा कुनै प्रकारको सर्त राखिएका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्ताव उपर कुनै कारवाही गरिने छैन।
१०. यो सूचनामा उल्लेख नभएको कुराहरूको हकमा सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ र अन्य प्रचलित कानुनअनुसार हुनेछ।
११. प्रस्ताव स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा निहित रहने छ।
१२. प्रस्ताव मिति २०७६।११।३० गते कार्यालय समयभित्र शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा पेस गरिसक्नुपर्नेछ।

**थप जानकारिका लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्र, अनुसन्धान तथा गुणस्तर सुधार शाखा वा फोन नं. ०१.६६३१९७१ मा सम्पर्क गर्न सकिने छ।**

## समायोजन भएका विद्यालयहरूको विवरण उपलब्ध गराउनेबारे सूचना

नेपाल सरकारको आर्थिक वर्ष २०७६।०७७ को बजेट वक्तव्यको बुँदा नं. ३३ मा जनसंख्या बनोट र भौगोलिक अवस्थाको आधारमा नक्शांकन गरी विद्यालय तथा शिक्षण संस्थाहरू समायोजन एवं एकीकरण गर्ने कार्यक्रम रहेको छ। उक्त कार्यक्रमअनुसार हिमाल, पहाड र तराई मधेसमा क्रमशः ३००, ६०० र १००० भन्दा बढी विद्यार्थी संख्या पुग्ने गरी समायोजन भएका सामुदायिक विद्यालयलाई स्थानीय तहमार्फत थप टेवा पुर्‍याउने (समायोजित विद्यालयलाई प्रोत्साहन अनुदान उपलब्ध गराउने) प्रयोजनका लागि, स्थानीय तहहरूले कार्य प्रारम्भ गरेको मितिदेखि शैक्षिक सत्र २०७६ सम्म समायोजन गरेका विद्यालयहरूको विवरण देहायहरूको ढाँचामा २०७६ फागुन २५ गतेभित्र शिक्षा विकास तथा समन्वय इकाइमा पठाइ दिनु हुन र शिक्षा विकास तथा समन्वय इकाइहरूले जिल्लागत समष्टिगत विवरण तयार गरी मिति २०७६ फागुन मसान्तभित्र शिक्षा तथा मानव स्रोत विकास केन्द्रको योजना तथा अनुगमन शाखा (education.interaction@gmail.com) मा आइपुग्ने गरी पठाउनु हुन अनुरोध छ।

| सि. नं. | सािवकको विद्यालय | | | समायोजन भएको विद्यालय | | | समायोजन गर्ने निर्णय भएको मिति |
|---|---|---|---|---|---|---|---|
| | IEMIS कोड | नाम र ठेगाना | विद्यार्थी संख्या | IEMIS कोड | नाम र ठेगाना | विद्यार्थी संख्या | |
| | | | | | | | |

### शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर।

## आशयको सूचना

**प्रकाशित मिति : २०७६।११।१६**

विद्यालय क्षेत्र विकास कार्यक्रमअन्तर्गत गत आ.व. २०७५।०७६ मा नमूना विद्यालय विकासको लागि छनोट भएका विद्यालयहरूको विद्यालयगत रूपमा मास्टर प्लान तयारी तथा शैक्षिक र भौतिक सुविधा निर्माण लगायत (Conduct Detail Assessment of the Educational and Physical Infrastructure of the Proposed Model School, and Prepare School-Specific Multi-Year Coasted Master Plan) कार्यको लागि तपसिल वमोजिमका परामर्शदाताहरू प्राविधिक तथा आर्थिक प्रस्ताव मूल्याङ्कनबाट छनोट भएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

**(Conduct Detail Assessment of the Educational and Physical Infrastructure of the Proposed Model School, and Prepare School-Specific Multi-Year Coasted Master Plan) कार्यको लागि छनोट भएका परामर्शदाता**

| सि.नं. | छनोट भएको परामर्शदाताको नाम,ठेगाना | Contract ID | कबोल रकम (मु.अ.क. बाहेक) |
|---|---|---|---|
| १. | Sitara-Engineer Ko Ghar-Smart Engineering And Design Solution JV, Chakupat, Lalitpur | CEHRD/SSDP/NCB/ Consultancy/02/2076/077 (Package-A) | Rs.79,90,000.00 |
| २. | Sitara-Engineer Ko Ghar-Smart Engineering And Design Solution JV, Chakupat, Lalitpur | CEHRD/SSDP/NCB/ Consultancy/02/2076/077 (Package-B) | Rs.74,80,000.00 |
| ३. | Moonlight Civil Solution-Eversafe Engineering Consultancy-New Generation Consultancy JV, Madhyapur-Thimi, Bhaktapur | CEHRD/SSDP/NCB/ Consultancy/02/2076/077 (Package-C) | Rs.64,72,200.00 |
| ४. | Moonlight Civil Solution-Eversafe Engineering Consultancy-Draft and Design Consultancy JV Madhyapur-Thimi, Bhaktapur | CEHRD/SSDP/NCB/ Consultancy/02/2076/077 (package-D) | Rs.58,42,200.00 |
| ५. | DB Multi-Building Design Engineering Consultancy JV, New-Baneshwor, Kathmandu | CEHRD/SSDP/NCB/ Consultancy/02/2076/077 (Package-E) | Rs.85,35,000.00 |

## दरबन्दी मिलान सम्बन्धी अत्यन्त जरूरी सूचना

नेपाल सरकार मन्त्रिपरिषदको निर्णय अनुसार पुनः वितरित शिक्षक दरबन्दी अनुसार स्थानीय तह, जिल्ला तह र प्रदेश तहमा पुलमा रहने शिक्षक दरबन्दीको विवरण यस केन्द्रको वेबसाइटमार्फत जानकारी गराइएको व्यहोरा अवगत नै छ। उक्त विवरणअनुसार स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइले दरबन्दी मिलानका सम्बन्धमा गर्नु पर्ने कार्यहरू समेत समावेश भएको शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि (२०७६ समेत जारी भएको सन्दर्भमा उक्त कार्यविधिको दफा १४ अनुसार निर्धारित अवधि (२०७६ फागुन मसान्त) भित्र स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइले आफ्नो कार्यक्षेत्रभित्र दरबन्दी मिलानको कार्य सम्पन्न गरी यस केन्द्रलाई जानकारी गराउनु हुनसमेत अनुरोध छ।

## पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुर

**सूचना**

विद्यालय तहमा नयाँ पाठ्यक्रम, राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ को कार्यन्वयन लगायत आधारभूत तह र माध्यमिक तह, पाठ्यक्रम छपाई र वितरण व्यवस्थासम्बन्धी लगायतको सूचना शिक्षा तथा मानव स्रोत विकास केन्द्रको वेबसाइट www.doe.gov.np र पाठ्यक्रम विकास केन्द्र वेबसाइट www.moecdc.gov.np मा राखिएकोले जानकारी तथा कार्यान्वयनको लागि अनुरोध छ।

## सहभागी पठाइ दिन हुन

**श्री शिक्षा विकास तथा समन्वय इकाइ, रूपन्देही/कपिलवस्तु/जाजरकोट/ हुम्ला/ सल्यान/ रूकुम पश्चिम/ डोटी/ बाजुरा/ बैतडी/दार्चुला/कैलाली र अछाम।**

यस केन्द्रको आ.व. २०७६।०७७ को विद्यालय क्षेत्र सुधार कार्यक्रमअन्तर्गतको शिक्षक दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका, संघीय सरकारबाट वार्षिक एकमुष्ट अनुदान प्राप्त गरेका सामुदायिक विद्यालयका लागि अभिमुखीकरण कार्यक्रम यस केन्द्रको वेबसाइट www.doe.gov.np मा राखिएअनुसार सञ्चालन हुने भएकाले उक्त सूचनाअनुसारका सहभागीहरूलाई जानकारी गराई सहभागीताका लागि व्यवस्था मिलाई दिनुहुन अनुरोध छ।

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र

## बूढानीलकण्ठ स्कुल तथा साझेदारी कार्यक्रम अन्तर्गतको छात्रवृत्ति परीक्षासम्बन्धी सूचना

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयअन्तर्गत बूढानीलकण्ठ स्कुल, काठमाडौँ तथा साझेदारी कार्यक्रममा सहभागी विद्यालयहरूमा विपन्न समुदायका जेहेनदार बालबालिकाहरूलाई छात्रवृत्ति कार्यक्रमअन्तर्गत आवासीय रूपमा निःशुल्क वा सहुलियत शुल्कमा कक्षा ५ देखि अध्ययनका लागि वि.सं. २०६६ वा २०६७ सालमा जन्म भई कम्तीमा २ वर्ष अगाडिदेखि स्थानीय सामुदायिक विद्यालयमा नियमितरूपमा अध्ययन गरी शैक्षिक सत्र २०७६ मा कक्षा ४ अध्ययन गरेका छात्र-छात्रामध्ये विभिन्न भौगोलिक क्षेत्र तथा लक्षित समुदायसमेतको प्रतिनिधित्व हुने गरी खुला प्रतियोगिताबाट विद्यार्थी छनोट गर्नुपर्ने भएकाले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**दरखास्त फाराम** : देहायको वेवसाइटबाट डाउनलोड गरी रीतपूर्वक भरेर तोकिए बमोजिम सिफारिस तथा प्रमाणित गराई आवश्यक कागजातसहित आफूलाई पायक पर्ने परीक्षाकेन्द्रमा परीक्षा सुरू हुनुअगावै बुझाउनुपर्नेछ,
**परीक्षा मिति र समय** : २०७६ चैत २६ गते बुधवार, बिहान ११:०० बजे,
**परीक्षाको किसिम** : लिखित,
**पाठ्यक्रम** : कक्षा ३ र ४ को नेपाली, अङ्ग्रेजी, गणित, विज्ञान, सामाजिक शिक्षा र सामान्य ज्ञान (४० प्रतिशत वस्तुगत र ६० प्रतिशत विषयगत),
**परीक्षा केन्द्र** : इलाम, इटहरी, हिले, ओखलढुङ्गा, लाहान, बर्दिवास, पथलैया, मन्थली, दोलालघाट, काठमाडौँ (बूढानीलकण्ठ स्कुल), भरतपुर, आँबुखैरेनी, पोखरा, पुतलीबजार (स्याङ्जा), बेनी, बुटवल, तम्घास, घोराही, कोहलपुर, चौरजहारी, वीरेन्द्रनगर, जुम्ला, दुनै, अत्तरिया, साँफेबगर र डडेल्धुरा।

**खुला तथा आरक्षण सिटको सङ्ख्या निम्नानुसार हुनेछ :**

**बूढानीलकण्ठ स्कुलका निमित्त** : खुला सिट : २० आरक्षण सिट : २० (लोपोन्मोख -२, दलित -४, मुस्लिम -१, मधेसी- ४, जनजाति - ५, पिछडिएको क्षेत्र-२ र द्वन्द्वपीडित - २)

**साझेदारी कार्यक्रम अन्तर्गतका साझेदारी स्कुलको निमित्त प्रत्येक जिल्लाबाट १ जना विद्यार्थी पर्ने गरी छनोट गरिनेछ।**

**आवेदन दस्तुर** : रू. १००/- (एक सय मात्र)

**दरखास्त फारामको साथमा निम्नानुसारका कागजातहरू पेस गर्नुपर्नेछ :**

(१) रीतपूर्वक भरेर तोकिएबमोजिम सिफारिस तथा प्रमाणित गराइएको दरखास्त।
(२) विपन्नताको कारणसमेत खुलाई सम्बन्धित वडाकार्यालय वा स्थानीय तहले छात्रवृत्तिका लागि प्रदान गरेको सिफारिस पत्र।
(३) स्थानीय पञ्जिकाधिकारीले प्रदान गरेको विद्यार्थीको जन्म-दर्ता प्रमाणपत्रको प्रतिलिपि।
(४) विद्यार्थीको संरक्षक बुबा आमा भए निजहरू दुवैको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि वा अन्य व्यक्ति भए आधिकारिक निकायबाट विद्यार्थीसँगको नाता खुलाइएको प्रमाणपत्र र निजको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।
(५) आरक्षित गरिएको स्थानमा उम्मेदवार हुन चाहने व्यक्तिले आफ्नो थर नेपाल सरकारले सार्वजनिक गरेको सूचीमा पर्ने भएमा सम्बन्धित समुदायको व्यक्ति भएको प्रमाणित हुने गरी सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट वा सम्बन्धित आधिकारिक निकाय (आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, राष्ट्रिय दलित आयोग वा गृह मन्त्रालय) को सिफारिस-पत्र पेस गर्नुपर्नेछ। पिछडिएको दुर्गम क्षेत्रका व्यक्तिले भने सम्बन्धित वडा कार्यालय वा स्थानीय तहबाट हालसम्म सोही स्थानमा स्थायी बसोवास रहेको र निज विद्यार्थीले स्थानीय सामुदायिक विद्यालयमा अध्ययन गरेको भनी खुलाइएको सिफारिस-पत्र पेस गर्नुपर्नेछ।
(६) हालसालै खिचेको दुवै कान देखिने पासपोर्ट साइजको २ प्रति फोटो।

**छात्रवृत्ति परीक्षाका लागि आवेदन फाराम www.bnks.edu.np वा www.doe.gov.np वा www.moe.gov.np बाट प्राप्त गर्न सकिनेछ।**

## आर्थिक वर्ष २०७७।७८ को वजेट तर्जुमाका लागि शिक्षा विकास तथा समन्वय इकाइहरूको भौतिक एवम् जनशक्तिको विवरण पठाउनेबारे

**आगामी आर्थिक वर्ष २०७७।७८ का लागि तपसिलअनुसारकाका शीर्षकमा विवरण तयार गरी शिक्षा विकास तथा समन्वय इकाइले २०७६ फागुन २५ गतेभित्र प्रमाणित प्रतिको Hardcopy/Softcopy यस केन्द्रको इमेल ठेगाना education.interaction@gmail.com मा अनिवार्यरूपमा उपलव्ध गराइदिनूहुन अनुरोध छ।**

| स्वीकृत दरवन्दी अन्तर्गत सेवा करारमा कार्यरत कर्मचारी सख्या | | | संचालनमा रहेका सवारी साधनको अवस्था | | | सञ्चालनमा रहेका कार्यालयका भौतिक साधन सम्बन्धी संख्यात्मक विवरण (चालु अवस्थामा भए/नभएको उल्लेख गर्ने) | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| हलुका सवारी चालक | कार्यालय सहयोगी | अन्य भए प्रकार उल्लेख गर्ने | सरकारी गाडी संख्या | खरिद गरिएको मिति | मोटरसाइकलर स्कुटरको संख्या | फोटोकपी | कम्प्युटर | ल्यापटप | प्रिन्टर | प्रोजेक्टर | इ-हाजिरी |
| | | | | | | | | | | | |

**कार्यालय मर्मत गर्नुपर्ने भौतिक पुर्वाधारको अवस्था**

| कार्यालय भवन | शौचालय | कम्पाउण्ड वाल | बैटक कक्षको अवस्था | कार्यालय प्रमुखको आवासको व्यवस्था (कार्यालय/भाडामा) | कार्यालय भवन (आफ्नै / भाडामा) | सिसी क्यामरा कार्यालय तथा कपी परीक्षण केन्द्रमा छ/छैन) | डिजिटल डिस्प्ले वोर्ड | कार्यालयका लागि अत्यावश्यक अन्य भौतिक पक्ष भए सो उल्लेख गर्ने |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

**आव २०७७।७८ मा अनिवार्य अवकास भइ रिक्त हुने कार्यालय सहयोगी तथा हलुका सवारी चालक भए सो छुट्टै उल्लेख गरी सेवा करारमा लिनुपर्ने अवधि उल्लेख गर्ने।**

## आर्थिक वर्ष २०७७।७८ को बजेट तर्जुमाका लागि तथ्याङ्क उपलब्ध गराइदिने सम्बन्धी सबै स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइहरूलाई अनुरोध

**आगामी आर्थिक वर्ष २०७७।७८ का लागि तपसिलअनुसारका शीर्षकमा स्थानीय तहगत विवरण तयार गरी शिक्षा विकास तथा समन्वय इकाइ मार्फत २०७६।११।२५ गतेभित्र प्रमाणित प्रतिको Hardcopy/Softcopy यस केन्द्रको इमेल ठेगाना education.interaction@gmail.com मा अनिवार्यरूपमा उपलव्ध गराइदिनुहुन अनुरोध छ।**

**पुनश्च : संलग्न सुचिअनुसारका विद्यालय एवं शैक्षिक संस्थाहरूको विवरण साविकको जिल्ला शिक्षा कार्यालय, क्षेत्रीय शिक्षा निर्देशनालय एवं शिक्षा विभागबाट अनुमति/स्वीकृति प्राप्त निकायहरूको संख्यामात्र समावेश गर्नुपर्नेछ।**

**आ.व. २०७७।७८ को बजेट तर्जुमाका लागि स्थानीय तहगत विवरण: २०७६**

| सि नं. | जिल्ला | स्थानीय कोड | स्थानीय तहको नाम | विशेष शिक्षा | | | परम्परागत तथा धार्मिक विद्यालय | | | वैकल्पिक विद्यालय | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | विशेष शिक्षा सञ्चालित स्रोत कक्षा संख्या | लेखाजोखा केन्द्र संख्या | विशेष आवश्यक्ता भएका विद्यार्थी अध्ययनरत विद्यालय संख्या (दृष्टिविहीन विद्यालय, बहिरा कक्षा सञ्चालित विद्यालय ) | कक्षा १-५ सञ्चालित परम्परागत तथा धार्मिक विद्यालय संख्या | कक्षा १-८ सञ्चालित परम्परागत तथा धार्मिक विद्यालय संख्या | कक्षा १-१० सञ्चालित परम्परागत तथा धार्मिक विद्यालय संख्या | अति विकट हिमाली जिल्लाका लागि घुम्ति विद्यालय संख्या | खुला विद्यालय (कक्षा ६-८) | खुला विद्यालय तह (कक्षा ९-१०) | अनौपचारिक प्रौढ विद्यालय (कक्षा १-५) | अनौपचारिक प्रौढ विद्यालय (कक्षा १-८) | अनौपचारिक प्रौढ विद्यालय (कक्षा ९-१०) |
| | | | | | | | | | | | | | | | |

| सि नं. | जिल्ला | स्थानीय कोड | स्थानीय तहको नाम | हाल सञ्चालनमा रहेका बहुकक्षा MGML संख्या | हाल सञ्चालनमा रहका बहुभाषिक शिक्षा विद्यालय संख्या | दिवा खाजा उपलब्ध गराउनु पर्ने विद्यार्थी संख्या (तोकिएका जातजाति तथा सिमान्तकृतमन लागि समेत) | प्राविधिक धार संचालित विद्यालय तथा विद्यार्थी | | | आवासीय विद्यालयमा अध्ययनरत विद्यार्थी संख्या स्वीकृत कोटामा अध्ययनरत विद्यार्थी संख्या | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | कक्षा (९-१०) संचालित विद्यालय | कक्षा (९-१२) संचालित विद्यालय | प्राविधिक धारमा अध्ययनरत विद्याथी संख्या | मुक्त कम्लहरी | हिमाली छात्रावास | फिडर छात्रावास | सार्वजनिक निजी साझेदारीमा सञ्चालित विद्यालय | हिमाली आवासीय विद्यालय | अति सिमान्कृत समदुयका छात्रावास |
| | | | | | | | | | | | | | | | |

| सि नं | जिल्ला | स्थानीय कोड | स्थानीय तहको नाम | नमुना विद्यालय | गैर आवासीय छात्रवृत्ति | | | | | | | शैक्षिक सत्र २०७५/७६ मा विद्यालय एकीकरण समायोजन भएका विद्यालय संख्या | | | सामुदायिक सिकाइ केन्द्र संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | अपाङ्ग छात्रावृत्ति कक्षा १-१२ | सहीदका छोराछोरीहरूका लागि छात्रावृत्ति | द्वन्द्व पीडित छात्रवृति गैर आवासीय | मुक्त कम्लहरीका लागि छात्रवृत्ति १-८ | मुक्त कम्लहरीका लागि छात्रवृत्ति ९-१० | मुक्त कम्लहरीका लागि छात्रवृत्ति ११-१२ | आधारभूत तहमा अध्ययनरत लक्षित समूह (२२ जनजाति तथा सिमान्तकृत समूह, मुक्त कमैया, वादी, हलिया, चरूवाका सन्तति समेत)का विद्यार्थीका लागि छात्रवृत्ति | प्राथमिक तह | निम्नमाध्यमिक तह | माध्यमिक | |
| | | | | | | | | | | | | | | | |

## शिक्षण स्वयंसेवकका रूपमा कार्य गर्न इच्छुक युवाहरूका लागि सूचना

नेपाल सरकारको आर्थिक वर्ष २०७६/०७७ को बजेट वक्तव्यमा "**चिनौं आफ्नो माटो बनाऔं आफ्नै देश**" अभियान मार्फत स्नातक वा स्नातकोत्तर तह उत्तीर्ण गरेका युवाहरूलाई शिक्षण स्वयंसेवकका रूपमा खटाउने घोषणा भएअनुसार सो व्यवस्थालाई कार्यान्वयन गर्नका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट मिति २०७६।१०।२९ (माननीय मन्त्रीस्तर) मा शिक्षण स्वयंसेवक परिचालन कार्यविधि, २०७६ स्वीकृत भएको छ। उक्त कार्यविधिअनुसार देशका विद्यार्थी शिक्षक अनुपात धेरै भएका, प्रचलित कानून तथा मापदण्ड बमोजिम शिक्षक दरबन्दी नभएका वा अंग्रेजी, गणित र विज्ञान विषयका शिक्षक अपुग भएका सामुदायिक विद्यालय एवं प्राविधिक धारको शिक्षा विस्तार गरेका विद्यालयहरूमा भएको शिक्षक अभाव पूर्तिका साथै युवाहरूलाई देश निर्माणमा प्रत्यक्ष योगदान गर्ने अवसरसमेत प्रदान गर्नका लागि शिक्षण स्वयंसेवक खटाउने व्यवस्था रहेको छ।

सो व्यवस्थाअनुसार शिक्षा तथा मानव स्रोत विकास केन्द्रको वेबसाइट (www.doe.gov.np) मा उल्लिखित स्थानीय तहमा रही कार्य गर्न इच्छुक उक्त कार्यविधिको दफा १० (कार्यविधि, केन्द्रको वेबसाइटमा उपलब्ध छ) अनुसारको योग्यता भएका नेपाली नागरिकहरूबाट मिति २०७६ फागुन २५ गतेभित्र केन्द्रको वेबसाइटमा उपलब्ध Portal मार्फत online निवेदन दिन सूचित गरिन्छ। फाराम भर्ने तरिकासम्बन्धी जानकारी केन्द्रको वेबसाइटमा उपलब्ध छ। यसरी प्राप्त निवेदनहरूलाई कार्यविधिको दफा ९ अनुसार सूचिकृत गरी नियुक्तिका लागि स्थानीय तहहरूमा पठाइने व्यहोरासमेत जानकारी गराइन्छ।

## गीत रचना गरी पठाउने सम्बन्धमा

**श्री इच्छुक सबै रचनाकारहरू,**

विद्यार्थी भर्ना अभियान दिवसका उपलक्ष्यमा विद्यालय उमेरका सबै बालबालिकालाई विद्यालयमा भर्ना गराउन र टिकाउन मद्दत पुग्ने सन्देशमूलक तपसिलको सर्तअनुसारका गीतहरू रचना गरी २०७६ फागुन २५ गतेभित्र यस केन्द्रमा पठाउनुहुन इच्छुक गीतकारहरूलाई आह्वान गरिन्छ। प्राप्त गीतहरूमध्ये उत्कृष्ट प्रथम, द्वितीय र तृतीयलाई क्रमशः नगद रू. १५,०००।- १०,०००।- र ५,०००।- पुरस्कारको व्यवस्था रहेको व्यहोरासमेत जानकारी गराइन्छ।

**तपसिल**

**१. गीत सरल शब्द, छोटा हरफ र लोक आधुनिक लयमा आधारित हुनुपर्नेछ।**
**२. ६ देखि ८ हरफभित्र सीमित हुनुपर्ने।**
**३. गति, यति र लय सरल र सहज हुनुपर्ने।**

**गीत पठाउने ठेगाना :**

**सोझै यस केन्द्रको प्रारम्भिक बालविकास शाखामा वा इमेल मार्फत ramaaryal33@gmail.com dhansudan2030@gmail.com मा पठाउन सकिने छ।**